२०६९।८।११

# १६७ रोपनी जग्गा अधिग्रहण गरिने

**देवचन्द्र भट्ट**
*विदुर*

नेपाल-चीन सिमाना रसुवागढीमा सुक्खा बन्दरगाह बनाउने प्रक्रिया सुरु भएको छ। आवश्यक जग्गा मुआब्जा दिइनेलगायत विविध प्रक्रिया मिलाउन सोमबारदेखि स्थलगत अध्ययन सुरु भएको हो।

नेपाल र चीन व्यापार तथा पारबहन सहज बनाउन रसुवाको टिमुरेमा अन्तर्राष्ट्रिय स्तरको सुक्खा बन्दरगाह (ड्राइपोर्ट) निर्माणका लागि सरकारले तदारुकता अपनाएको छ। यस सम्बन्धमा सोमबारदेखि वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेका प्रतिनिधि, सांसदबाट रसुवा प्रशासन तथा स्थानीयबासीसँग अन्तरक्रिया र स्थलगत अध्ययन सुरु भएको छ।

चारजनाको टोलीले स्याप्रुबेसी-रसुवागढी मार्गको बीचमा रहेको टिमुरे गाविस वडा नम्बर ५ र ६ मा एक सय ६७ रोपनी क्षेत्रफल जग्गामा सुक्खा बन्दरगाह बनाइने रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी थापाले बताए। उनका अनुसार नेपाल र चीनबीच गरिएको सुक्खा बन्दरगाह निर्माणसम्बन्धी सम्झौताले टिमुरेमा अन्तर्राष्ट्रिय स्तरको बन्दरगाह निर्माणकार्यलाई मार्ग खुला गरेसँगै यसको प्रक्रिया सुरु भएको हो।

यसका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयले तोकेको सुक्खा बन्दरगाह हेर्ने विकास समिति ऐन २०१३ अन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समितिले हेमेन्द्रमोहन शाहीको नेतृत्वमा चारजनाको टोली स्थलगत अध्ययनका लागि रसुवा पठाएको छ। टोलीले सोमबार रसुवाको सदरमुकाम धुन्चेमा जिल्ला प्रशासन कार्यालयमा बैठक गरेको छ। बैठकमा सांसद जनार्दन ढकाल र छोवाङतेन्जिङ तामाङसहित विभिन्न राजनीतिक दलसँग परामर्शसमेत गरेको छ।

नेपाल-चीन सिमाना रसुवागढीबाट दुई किलोमिटर दक्षिणमा निर्माण गरिने सुक्खा बन्दरगाहका लागि लाङटाङ राष्ट्रिय निकुञ्जअन्तर्गतको एक सय नौ, ४० जना व्यक्तिको ५८ दशमलव पाँच रोपनी र सेनाको नारायण दलअन्तर्गत पाँच रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने देखिएको सहायक प्रजिअ थापाले बताए।

अन्तर्राष्ट्रिय मार्ग निर्माण भइरहेको, महँगो जग्गा रहेको उक्त स्थानमा जग्गा अधिग्रहण गर्न निकै चुनौतीपूर्ण हुने सहायक प्रजिअ थापाले बताए। टिमुरेमा सुक्खा बन्दरगाह बनाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको नेपाल इन्टरमोडल यातायात विकास समिति र चीन सरकारका तर्फबाट द आर्किटेक्चरल रेकोनेसेन्स एन्ड डिजाइन इन्स्टिच्युट अफ टिबेट अटोनोमस रिजन कम्पनीबीच सम्झौता भएपछि एक साता नबित्दै यसको प्रक्रिया सुरु भएको सांसद ढकालले बताए।